आज मिति २०७९ साल पौष १७ गते आईतवारका दिन बिर्तामोड नगरपालिकाको कार्यपालिका बैठक नगर प्रमुख श्री पवित्रादेवी महतारा प्रसाईज्यूको अध्यक्षतामा बसि निम्न बमोजिमको उपस्थितिमा निम्न विषयमा छलफल गरी निम्न निणर्यहरु गरियो ।

उपस्थिती

| सि.नं | पद | नाम, थर | हस्ताक्षर |
|---|---|---|---|
| १ | नगर प्रमुख | श्री पवित्रादेवी महतारा प्रसाई | |
| २ | नगर उप-प्रमुख | श्री नगेन्द्र प्रसाद संग्रौला | |
| ३ | १ नं. वडा अध्यक्ष | श्री अग्नी प्रसाद पाण्डे | |
| ४ | २ नं. वडा अध्यक्ष | श्री किशोर कुमार पौडेल | |
| ५ | ३ नं. वडा अध्यक्ष | श्री मदन बुढाथोकी | |
| ६ | ४ नं.वडा अध्यक्ष | श्री राहुल कुमार शर्मा | |
| ७ | ५ नं. वडा अध्यक्ष | श्री रोहित प्रसाई | |
| ८ | ६ नं. वडा अध्यक्ष | श्री सुर्य प्रसाद कन्दङ्वा | |
| ९ | ७ नं. वडा अध्यक्ष | श्री कृष्ण प्रसाद खरेल | |
| १० | ८ नं. वडा अध्यक्ष | श्री अजय कार्की | |
| ११ | ९ नं. वडा अध्यक्ष | श्री हरि प्रसाद चौलागाई | |
| १२ | १० नं. वडा अध्यक्ष | श्री दुर्योधन गुरुङ्ग | |
| १३ | कार्यपालिका सदस्य | श्री यमुना देवी आचार्य | |
| १४ | कार्यपालिका सदस्य | श्री तिला गौतम | |
| १५ | कार्यपालिका सदस्य | श्री निर्मला देवी सुनार | |
| १६ | कार्यपालिका सदस्य | श्री लक्षिमा खतिवडा | |
| १७ | कार्यपालिका सदस्य | श्री संगिता सिवा | |
| १८ | कार्यपालिका सदस्य | श्री जगतवन्धु राजवंशी | |
| १९ | कार्यपालिका सदस्य | श्री सिता ढुङ्गाना वि.क. | |
| २० | कार्यपालिका सदस्य | श्री शर्मिला राजवंशी | |
| २१ | सदस्य सचिव | श्री विनोद कुमार न्यौपाने | |

CamScanner

**निर्णय नं १-** बिर्तामोड नगर कार्यपालिका समेत बिपक्षी, निवेदक तुलसीप्रसाद पोख्रेल भएको श्री उच्च अदालत बिराटनगर,इलाम इजलासको मुद्दा नं ०७९- WO - ००२३ को उत्प्रेषणयुक्त परमादेश मुद्दामा छलफल बस्न, लिखित जवाफ पेश गर्न, वारेश मुकरर गर्न र कानून व्यवसायी नियुक्त गर्न लगायत मुद्दा सम्बन्धी सम्पुर्ण कार्य गर्न बिर्तामोड नगर कार्यपालिकाको कार्यालय बिर्तामोड झापा, बिर्तामोड न.पा. कार्यालय, नगरप्रमुख, प्रमुख प्रशासकीय अधिकृतको हकमा समेत बिर्तामोड नगरपालिका नगर उप प्रमुख श्री नगेन्द्र प्रसाद संगौलालाई अख्तियारी दिने सर्वसम्मत निर्णय गरियो ।

**निर्णय नं.२-** बिर्तामोड नगरपालिकाको कार्यालय समेत बिपक्षी, निवेदक गोपाल चन्द्र राजवंशी भएको रिट नं- ०७९- WO -००२२, बिर्तामोड न.पा. कार्यालय बिपक्षी, निवेदक हिरालता राजवंशी भएको रिट नं- ०७९- WO -००२३, बिर्तामोड न.पा. कार्यालय बिपक्षी, निवेदक विजयकुमारी राजवंशी भएको रिट नं. ०७९ - WO - ००२०, बिर्तामोड न.पा. कार्यालय बिपक्षी निवेदक निशा सोनी कर्ण भएको रिट नं - ०७९ - WO - ००२१ को 'अन्तरिम आदेश सहितको निषेधाज्ञा जारी गरी पाउँ' मुद्दामा छलफल बस्न,लिखित जवाफ पेश गर्न , वारेश मुकरर गर्न र कानून व्यवसायी नियुक्त गर्न लगायत मुद्दा सम्बन्धी सम्पूर्ण कार्य गर्न बि.न.पा. कार्यालय बिर्तामोड, बि.न.का.का.बि. प्रमुख, प्रमुख प्रशासकीय अधिकृत, वडा नं. ३ को कार्यालय, वडा नं ३ का वडा अध्यक्षको हकमा समेत बिर्तामोड नगरपालिका नगर उप प्रमुख श्री नगेन्द्र प्रसाद संगौलालाई अख्तियारी दिने सर्वसम्मत निर्णय गरियो ।

**निर्णय नं.३-** बिर्तामोड नगरपालिका वडा नं.३ बस्ने रामचन्द्र मैनालीले निजको नाममा दर्ता रहेको मे १ ज १३६७ नम्बरको बोलेरो पिकअप (शव बहान) यस नगरपालिका लाई निशुल्क हस्तान्तरण गर्नुहुने भएकाले आवश्यक प्रक्रिया पुरा गरि नगरपालिकाको नाममा हस्तान्तरण हुने व्यवस्था मिलाउने भनि निर्णय गरियो ।

CamScanner